सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018
prabhu Bank

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।

♦ वर्ष ९ ♦ अंक ३०९ ♦ २०८३ साल साउन ११ सोमवार ♦ 27 July 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

# सुनसरीमा मध्यरातमा झडप : प्रहरीको गोली लागेर एक जनाको मृत्यु, १६ जना घाइते





**खबर दर्पण समाचारदाता**

**साउन १० गते, विराटनगर**

सुनसरीको देवानगञ्ज गाउँपालिका-३, कप्तानगन्जमा प्रहरीले चलाएको गोली लागेर एक जनाको मृत्यु भएको छ । ८ जना प्रदर्शनकारी घाइते भएका छन् । प्रहरी तर्फ पनि ८ जना घाइते भएका छन् ।

सुनसरी प्रहरी प्रवक्त डीएसपी चन्द्रबहादुर खड्काका अनुसार दुईपक्षबीचको झडप नियन्त्रणका लागि प्रहरीले चलाएको गोली लागेर देवानगञ्ज गाउँपालिका-३, कप्तानगञ्जका २४ वर्षीय ओमप्रकाश मेहताको मृत्यु भएको हो ।

कप्तानगन्जमा गोली लागेर गम्भीर घाइते भएका मेहतालाई उपचारका लागि विराटनगरस्थित न्युरो अस्पताल पुऱ्याइएको थियो । उपचारकै क्रममा आइतबार राति उनको मृत्यु भएको हो ।

प्रहरीका अनुसार साउने सोमबारको बोलबम यात्राका लागि भन्दै राति एउटा समूह डिजे बजाउँदै सप्तकोशी नदीतर्फ जाने तयारीमा थियो । सोही क्रममा अर्को समूहले र ातिको समयमा होहल्ला भएको भन्दै विरोध गरेपछि विवाद सुरु भएको थियो ।

स्थिति नियन्त्रणमा लिन प्रहरीले सुरुमा अश्रुग्यास र हवाई प्रहार गरेको थियो । हवाई फायर गर्दा पनि अवस्था नियन्त्रणमा नआएपछि गोली चलाएको थियो ।

झडपमा घाइते भएका ८ जनाको विराटनगरका विभिन्न अस्पतालमा उपचार भइरहेको छ । घाइते मध्ये अधिकांशलाई गोली लागेको छ ।

जिल्ला प्रहरी कार्यालय सुनसरीका अनुसार झडपमा घाइते भएका २२ वर्षीय मिथलेश यादव, १८ वर्षीय अमलेश मेहता, २५ वर्षीय मिथलेश मेहता र २० वर्षीय अमितकुमार यादवको कोशी अस्पतालमा उपचार भइरहेको छ ।

२१ वर्षीय रविन्द्र मेहता, १८ वर्षीय अमितकुमार यादव, २५ वर्षीय सुनिलकुमार मेहता र २६ वर्षीय सुनिलकुमार मेहताको विराट नर्सिङ होममा उपचार भइरहेको छ ।

झडपमा प्रहरीतर्फ प्रहरी निरीक्षक राकेश राईसहित ८ जना सुरक्षाकर्मी घाइते भएका छन् । राईको टाउकोमा चोट लागेको छ ।

प्रहरी नायब निरीक्षक गणेश नारायण श्रेष्ठ, प्रहरी वरिष्ठ हवल्दार अमरलाल यादव, प्रहरी रामबहादुर राई, प्रहरी विजय यादव, प्रहरी सहायक निरीक्षक नवराज पोखरेल, प्रहर ी बुद्धदेव साह र प्रहरी जवान निवेश यादव पनि घाइते भएका हुन् ।

प्रहरीका अनुसार दुई समूहबीचको झडपमा कप्तानगन्ज बजारको घर, मेडिकल, सवारीसाधन तथा अन्य संरचनामा तोडफोड र आगजनी छ । घटनाको थप विवरण आउन बाँकी छ ।







फारम भर्ने अन्तिम मिति : २०८३ श्रावण १७ गते सम्म

प्रवेश परीक्षा : २०८३ श्रावण २१ गते

# कालोमोसो : लोकतान्त्रिक संस्कृतिमाथिको आक्रमण र असभ्यताको अभ्यास



- चन्दन दुबे




लोकतान्त्रिक व्यवस्थाको मूल आधार विचार, अभिव्यक्ति र असहमतिलाई शान्तिपूर्ण, सभ्य तथा संवैधानिक माध्यमबाट व्यक्त गर्ने संस्कृतिमा निहित हुन्छ। लोकतन्त्रमा फरक मत हुनु स्वाभाविक हो, तर त्यसको अभिव्यक्ति अपमान, हिंसा वा जबर्जस्तीमार्फत गर्नु लोकतान्त्रिक मूल्य-मान्यताको ठाडो उल्लङ्घन हो। यही सन्दर्भमा सांसद गणेश पौडेलमाथि गरिएको कालोमोसोको घटना केवल एक व्यक्तिमाथिको आक्रमण मात्र होइन, लोकतान्त्रिक संस्कृतिमाथिको आक्रमण र असभ्य राजनीतिक अभ्यासको खतरनाक उदाहरण हो।

कालोमोसो कुनै लोकतान्त्रिक विरोधको माध्यम होइन, बरु असभ्यताको अभ्यास हो। यसको उद्देश्य विचारको प्रतिवाद गर्नु होइन, व्यक्तिलाई सार्वजनिक रूपमा अपमानित गर्नु हो। जब विरोधको नाममा कसैको सम्मानमाथि आक्रमण गरिन्छ, त्यहाँ लोकतान्त्रिक संस्कृतिको स्थान भीडतन्त्र, प्रतिशोध र असहिष्णुताले लिन थाल्छ। यसले नागरिकलाई तर्क र संवादभन्दा अपमान र बल प्रयोग प्रभावकारी हुन्छ भन्ने गलत सन्देश दिन्छ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई अभिव्यक्ति स्वतन्त्रता, शान्तिपूर्ण भेला, विरोध तथा राजनीतिक सहभागिताको अधिकार सुनिश्चित गरेको छ। तर कुनै व्यक्तिको गरिमा, सम्मान र सुरक्षामाथि आघात पुऱ्याउने कार्यलाई संविधानले कहिल्यै संरक्षण गर्दैन। विरोधको अधिकार जति महत्त्वपूर्ण छ, अरूको सम्मान र कानुनी अधिकारको रक्षा गर्नु पनि त्यत्तिकै आवश्यक हुन्छ।

सांसद पौडेलमाथि भएको घटनालाई विभिन्न राजनीतिक दृष्टिकोणबाट विश्लेषण गर्न सकिए पनि एउटा विषयमा कुनै विवाद हुन सक्दैन–कानुनभन्दा माथि कोही हुँदैन। यदि कुनै नेता, सांसद वा सार्वजनिक व्यक्तिको अभिव्यक्ति वा निर्णयप्रति असहमति छ भने त्यसको प्रतिवाद कानुनी प्रक्रिया, सार्वजनिक बहस, राजनीतिक संवाद वा लोकतान्त्रिक दबाबमार्फत हुनुपर्छ। कालोमोसो जस्ता गतिविधिले लोकतान्त्रिक बहसलाई कमजोर बनाउँदै समाजमा असहिष्णुता र अराजकताको संस्कृतिलाई प्रोत्साहन गर्छ।

नेपालको राजनीतिक इतिहासमा विभिन्न समयमा नेता, मन्त्री, सांसद तथा सार्वजनिक व्यक्तिमाथि कालोमोसो दल्ने, जुत्ता प्रहार गर्ने, अण्डा हान्ने वा अन्य प्रकारका सार्वजनिक अपमानका घटनाहरू भएका छन्। यस्ता घटनाले केही समय राजनीतिक चर्चा पाए पनि दीर्घकालीन रूपमा लोकतान्त्रिक संस्कृतिलाई क्षति पुऱ्याएका छन्। विगतमा एक पक्षमाथि भएको यस्ता व्यवहारलाई समर्थन गर्नेहरू नै पछि आफूमाथि त्यही व्यवहार हुँदा विरोध गर्न बाध्य भएका उदाहरणहरू प्रशस्त छन्। यसले देखाउँछ कि असभ्य राजनीतिक अभ्यास अन्ततः कसैका लागि पनि हितकर हुँदैन।

विश्वका परिपक्व लोकतन्त्रहरूमा पनि सरकारविरुद्ध तीव्र विरोध, प्रदर्शन र आन्दोलन हुने गर्छन्। तर त्यहाँ विरोधलाई कानुनी सीमाभित्र राख्ने प्रयास गरिन्छ। लोकतन्त्रको शक्ति प्रतिशोधमा होइन, संवादमा हुन्छ। विचारको प्रतिवाद विचारबाट, तर्कको प्रतिवाद तर्कबाट र नीतिको प्रतिवाद वैकल्पिक नीतिबाट गरिनुपर्छ। यदि असहमतिको उत्तर अपमान र हिंसा बन्न थाल्यो भने लोकतन्त्रको आधार नै कमजोर बन्छ।

नेपालमा सार्वजनिक व्यक्तिमाथि भएका यस्ता दुर्व्यवहारमा प्रभावकारी कानुनी कारबाही हुन नसक्दा दण्डहीनताको भावना बलियो हुँदै गएको देखिन्छ। जब कुनै समूहले आफूलाई कानुनभन्दा माथि ठान्न थाल्छ, त्यतिबेला लोकतान्त्रिक संस्थामाथिको जनविश्वास कमजोर बन्छ। त्यसैले यस्ता घटनामा संलग्न व्यक्तिको राजनीतिक आस्था वा उद्देश्यभन्दा माथि उठेर समान रूपमा कानुन लागू गर्नु राज्यको दायित्व हो।

यस घटनाले अर्को गम्भीर प्रश्न पनि उठाएको छ–के हामी असहमतिलाई सहन सक्ने लोकतान्त्रिक संस्कृतिको विकास गर्न सफल भएका छौँ? लोकतन्त्रमा आलोचना आवश्यक हुन्छ, तर आलोचना र अपमानबीच स्पष्ट सीमा हुन्छ। आलोचना सार्वजनिक हितका लागि गरिन्छ, जबकि अपमान व्यक्तिको गरिमा समाप्त गर्ने उद्देश्यले गरिन्छ। लोकतन्त्रको परिपक्वता विरोधी विचारप्रति गरिने व्यवहारबाट पनि मापन हुन्छ।

राजनीतिक दलहरूको भूमिका पनि यहाँ अत्यन्त महत्त्वपूर्ण छ। आफ्ना समर्थकले गरेको गलत कार्यलाई मौन समर्थन गर्ने वा त्यसको औचित्य पुष्टि गर्ने प्रवृत्तिले असभ्य राजनीतिक संस्कृतिलाई वैधता दिन्छ। त्यसैले सबै दलले राजनीतिक लाभ-हानिभन्दा माथि उठेर कालोमोसो, जुत्ता प्रहार, अण्डा प्रहार वा कुनै पनि प्रकारका सार्वजनिक अपमानजनक गतिविधिको स्पष्ट र समान रूपमा विरोध गर्नुपर्छ। गलत कार्य आफ्नाले गरे पनि गलत नै हो भन्ने संस्कृतिको विकास लोकतन्त्रको हितमा हुन्छ।

नागरिक समाज, सञ्चारमाध्यम र बौद्धिक समुदायको जिम्मेवारी पनि उत्तिकै महत्त्वपूर्ण छ। उनीहरूले यस्ता घटनालाई केवल सनसनीका रूपमा प्रस्तुत गर्ने होइन, लोकतान्त्रिक संस्कृतिमाथिको चुनौती र नागरिक उत्तरदायित्वका रूपमा बहस अघि बढाउनुपर्छ। यसले सहिष्णुता, संवाद र विधिको शासनप्रतिको विश्वासलाई बलियो बनाउँछ।

सांसद गणेश पौडेलमाथि भएको कालोमोसोको घटना कुनै एक दल वा व्यक्तिसँग मात्र सम्बन्धित विषय होइन। आज यो घटना एक जनासँग भएको छ भने भोलि अर्को विचार, अर्को दल वा अर्को नागरिकमाथि पनि दोहोरिन सक्छ। त्यसैले यसको मूल्याङ्कन राजनीतिक पूर्वाग्रहका आधारमा होइन, लोकतान्त्रिक सिद्धान्त, विधिको शासन र सभ्य राजनीतिक संस्कृतिका आधारमा

बाँकी पृष्ठ ३ मा

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

| | |
|---|---|
| एम्बुलेन्स (सोसल वेलफेयर & रिसर्च सेन्टर) महेन्द्रनगर,धनुषा | ४१-५४०२३२<br>९८४४०२४४५०/<br>९८०४८२५८६० |
| एम्बुलेन्स (हिमालय युवा क्लव नक्टाझिज) | ०४१-६२०४९१<br>९८०४८१५१२६ |
| इलाका प्रहरी कार्यालय महेन्द्रनगर | ५४०१९९ |
| विद्युत प्राधिकरण महेन्द्रनगर | ५४०१६१ |

# २६ दिनदेखि दुई नेपाली किसान भारतीय जेलमा



**खबर दर्पण समाचारदाता**
**साउन १० गते, बर्दिवास**

मल किन्न भारतीय बजार गएका सर्लाहीका दुई नेपाली किसान २६ दिनदेखि भारतीय जेलमै रहँदा पनि सरकारले कुनै चासो देखाएको छैन । असार १७ गते पक्राउ परेका बलरा-५, सर्लाहीका सुरेशप्रसाद सिंह र नागेन्द्रप्रसाद सिंह अझै छुटेका छैनन् । उनीहरूलाई असार १८ गते जेल चलान गरिएको थियो ।

भारतको सीतामढी जिल्लाको सोनबरसाबाट खेतमा हाल्ने डिएपी र युरिया मल सहित पक्राउ परेका उनीहरू एक हप्ता अगावै छुट्ने देखिदैन । रिहाईको माग राखेर दर्ता गत शुक्रबार अदालतमा निवेदन दर्ता भएको सुरेशप्रसादका छोरा अविनाश सिंहले जानकारी दिए । निवेदनमाथिको सुनुवाई ३१ जुलाई -१५ साउन)का लागि तोकिएको छ । 'वकिलले सुनुवाईपछि रिहा हुने आश्वासन दिनु भएको छ,' अविनाश भन्छन्, 'बुबा र ठूलो बुबा छुट्न ३१ तारिख अर्थात् एक हप्ता अझै कुर्नुपर्ने भयो ।' ती दुई किसानलाई छोडाउन नेपाल सरकारबाट कुनै ठोस पहल अघि बढाइएको छ । मल उपलब्ध गराउन नसके पछि भारत जान बाध्य भएका किसानलाई छुटाउन सरकारले पहल गर्नुपर्ने मानवअधिकार कर्मीहरू बताउँछन् ।

मधेश मानवअधिकार होमका संस्थापक रवि ठाकुर सिंहद्वयलाई छुटाउन नेपाल सरकारले पहल गर्नुपर्नेमा जोड दिन्छन् । सरकारले मल उपलब्ध गराउन नसकेपछि प्रशासनले सीमा नाकामा अलि खुकुलो गर्ने संकेत गरेकाले किसानहरू ढुक्क भएर भारतीय बजार पुगेको हुनसक्ने ठाकुर बताउँछन् । उनी भन्छन्, 'नेपाल सरकारले चाहने हो भने हाम्रा किसानहरू अनाहकमा त्यसरी थुनिएर बस्नु पर्ने थिएन । आफ्नो नागरिकको पक्षमा बोल्न सरकारले खुट्टा कमाउनु भएन ।' सजिलै मल किन्न नपाउँदा सीमा क्षेत्रका धेरै कृषकहरू भारतीय बजारमा निर्भर हुनु परेको अविनाश बताउँछन् । उनी भन्छन्, 'मल यही उपलब्ध हुने हो भने कोही पनि जोखिम मोलेर सीमापारी मल्ल किन्न जाँदैन ।'

# कालोमासो...

गरिनुपर्छ।

अन्त्यमा, कालोमोसो कुनै साहसिक राजनीतिक प्रतिवाद होइन; यो लोकतान्त्रिक संस्कृतिमाथिको आक्रमण र असभ्यताको अभ्यास हो। लोकतन्त्रको वास्तविक शक्ति मतभेदलाई व्यवस्थापन गर्ने क्षमतामा हुन्छ, मतभेदलाई अपमान र हिंसाबाट दबाउने प्रवृत्तिमा होइन। नेपालको लोकतन्त्रलाई परिपक्व र उत्तरदायी बनाउने हो भने यस्ता सबै प्रकारका सार्वजनिक अपमानजनक गतिविधिलाई स्पष्ट रूपमा अस्वीकार गर्नुपर्छ। विरोधको अधिकार सुरक्षित र होस्, तर त्यो सधैं कानुनी, शान्तिपूर्ण र सभ्य माध्यमबाट व्यक्त होस्। यही संस्कृतिले मात्र लोकतन्त्रलाई बलियो, जिम्मेवार र दीर्घकालीन रूपमा सफल बनाउन सक्छ।

# भारतको केन्द्रीय शिक्षा मन्त्रीको जिम्मेवारी प्रल्हाद जोशीलाई



**खबर दर्पण समाचारदाता**
**साउन १० गते, बर्दिवास**


भारतको केन्द्रीय शिक्षा मन्त्रीको जिम्मेवारी प्रल्हाद जोशीले पाउनुभएको छ । यसअघि हिजो धर्मेन्द्र प्रधानले दिएको राजीनामा स्वीकृत भएपछि जोशीलाई शिक्षा मन्त्रालयको जिम्मेवारी दिइएको हो ।

प्रधानको राजीनामा राष्ट्रपति द्रौपदी मुर्मुले प्रधानमन्त्रीको सिफारिसमा स्वीकृत गर्नुभएको हो । राष्ट्रपति भवनद्वारा जारी विज्ञप्तिअनुसार प्रधानमन्त्रीको सिफारिसमा जोशीलाई शिक्षा मन्त्रालयको जिम्मेवारी दिइएको उल्लेख छ । उहाँले उपभोक्ता मामिला, खाद्य तथा सार्वजनिक वितरण मन्त्रीका साथै नवीन तथा नवीकरणीय ऊर्जा मन्त्रालयको पनि जिम्मेवारी सम्हाल्नुहुनेछ ।

धर्मेन्द्र प्रधानको राजीनामाको माग गर्दै नयाँ दिल्लीको जन्तर-मन्तरमा कक्रोच जनता पार्टी (सीजेपी) ले आन्दोलन गर्दै आएको थियो । हिजो केन्द्रीय मन्त्री जेपी नड्डा र जितेन्द्र सिंहसँग तेस्रो चरणको वार्ता र प्रधानको राजीनामासँगै सीजेपीले आन्दोलनकारीलाई घर फर्किन अपिल गरेको छ ।

प्रधानले राजीनामा दिएपछि जन्तर मन्तरमा प्रदर्शनकारीले उत्सव समेत मनाएका छन् । आन्दोलनको नेतृत्व गरिरहेको कक्रोच जनता पार्टी (सिजेपी) का संस्थापक अभिजित दिप्केले आफूहरूको जित भएको प्रतिक्रिया दिनुभएको छ ।



# मधेसमा फैलँदो लागुऔषध संकट : किशोर-युवालाई गाँज्दै लागुऔषधको कुलत

**खबर दर्पण समाचारदाता**
**साउन १० गते, बर्दिवास**

महोत्तरीको जलेश्वरका ३५ वर्षीय भवेश विद्यालय जीवनमा मेधावी विद्यार्थी थिए। कक्षा १२ मा डिस्टिङ्सन ल्याएर इन्जिनियरिङ अध्ययनका लागि काठमाडौं पुगेका उनी साथीभाइको संगतमा चुरोटबाट सुरु भएको बानीले विस्तारै लागुऔषधको लतमा फसे। पढाइ अधुरै छाडेर घर फर्किएपछि सीमावर्ती क्षेत्रमा लागुऔषध सहजै उपलब्ध हुने अवस्थाले उनको कुलत झन् गहिरियो। अहिले वीरगञ्जस्थित पुनःस्थापना केन्द्रमा उपचाररत भवेश आफूमा परिवर्तन आएको बताउँदै गाउँ-समाजका किशोर-युवा त्यही दलदलमा फसिरहेको देख्दा चिन्ता व्यक्त गर्छन्। भवेशको कथा मधेस प्रदेशमा बढ्दो लागुऔषध समस्याको प्रतिनिधि उदाहरण हो। गृह मन्त्रालयले विभिन्न समयमा गरेको अध्ययनअनुसार नेपालमा लागुऔषध प्रयोगकर्ताको संख्या निरन्तर बढ्दो क्रममा छ। २०७६ सालको राष्ट्रिय सर्वेक्षणले देशभर लागुऔषध प्रयोगकर्ताको संख्या एक लाख ३० हजारभन्दा बढी हुन सक्ने अनुमान गरेको थियो। अध्ययनले अधिकांश प्रयोगकर्ताले २० वर्षभन्दा कम उमेरमै पहिलो पटक लागुऔषध सेवन सुरु गर्ने गरेको उल्लेख गरेको छ। सुदूरपश्चिमपछि मधेस प्रदेशमा किशोर-किशोरीमा लागुऔषध सेवनको सुरुआती दर उच्च रहेको तथ्यांकले देखाउँछ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रले सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपालमा सुई मार्फत लागुऔषध प्रयोग गर्ने व्यक्तिको संख्या ३९ हजारदेखि ४९ हजारसम्म हुन सक्ने अनुमान छ। तीमध्ये ६ देखि ८ हजार मधेस प्रदेशमै रहेको आकलन गरिएको छ। सीमावर्ती क्षेत्रमा ब्राउन सुगर, ट्रामाडोल, डाइजेपाम र अन्य औषधिजन्य लागुऔषधको प्रयोग बढ्दै गएको स्वास्थ्यकर्मीहरूको भनाइ छ।

भारतसँगको खुला सीमाका कारण मधेस लागुऔषध ओसार पसारको प्रमुख मार्ग बनेको छ। मधेस प्रदेश प्रहरी कार्यालयका अनुसार पछिल्ला तीन आर्थिक वर्षमा लागुऔषधसम्बन्धी एक हजार ९२६ मुद्दा दर्ता भएका छन् भने दुई हजार ७०१ जना पक्राउ परेका छन्। यही अवधिमा ठूलो परिमाणमा गाँजा, चरेस, ब्राउन सुगर, अफिम, हिरोइन तथा औषधिजन्य लागुऔषध बरामद गरिएको छ। प्रहरीका अनुसार अधिकांश घटनामा पक्राउ पर्ने व्यक्ति स्वयं प्रयोगकर्ता हुने र पछि उनीहरू नै आपूर्ति सञ्जालको हिस्सा बन्ने गरेका छन्।



जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता प्रहरी नायब उपरीक्षक मधुसूदन न्यौपानेका अनुसार चोरी लगायतका अपराधमा पक्राउ परेकामध्ये उल्लेख्य संख्या लागुऔषध प्रयोगकर्ता हुने गरेका छन्। किशोरावस्था मै सुरु भएको कुलतले आर्थिक अभावसँगै उनीहरूलाई अपराधतर्फ धकेल्ने जोखिम बढेको प्रहरीको निष्कर्ष छ।

नेपाल जनस्वास्थ्य अनुसन्धान तथा विकास केन्द्र (पिएचआरडी) ले सन् २०२३ मा गरेको अध्ययनले पाँच जिल्लाका १५.५ प्रतिशत किशोर-किशोरीले सुर्ती, मदिरा वा गाँजाजन्य पदार्थ सेवन गर्ने गरेको देखाएको छ। अध्ययनले लागुऔषधको असर बारे चेतनाको अभाव रहेको र विद्यालय तथा समुदायस्तरमा प्रभावकारी रोकथाम कार्यक्रम आवश्यक रहेको औँल्याएको छ।

मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतो लागुऔषध नियन्त्रणका लागि प्रहरीलाई आवश्यक स्रोतसाधन उपलब्ध गराउने, पुनःस्थापना केन्द्र विस्तार गर्ने र युवामाझ सचेतना अभियान सञ्चालन गर्ने नीति प्रदेश सरकारले अघि बढाएको बताउनुहुन्छ। तर बढ्दो चुनौतीलाई हेर्दा कारबाही मात्र पर्याप्त देखिँदैन। परिवार, विद्यालय, समुदाय, स्वास्थ्य संस्था र सुरक्षा निकायबीचको समन्वय तथा पुनःस्थापनामुखी कार्यक्रम प्रभावकारी बनाउन सके मात्र मधेसमा फैलँदै गएको लागुऔषध संकट नियन्त्रणतर्फ अग्रसर हुन सकिने देखिन्छ।

# मधेशमा प्राणी उद्यान स्थापना गर्ने योजना छ : वनमन्त्री चौधरी

**खबर दर्पण समाचारदाता**
**साउन १० गते, बर्दिवास**

कृषि वन तथा पर्यावरण मन्त्री गीता चौधरीले मधेश प्रदेशमा प्राणी उद्यान (जु) स्थापना गर्ने योजना रहेको बताउनुभएको छ ।

धनुषाको धनुषाधाम नगर पालिकास्थित सबडिभिजन वन कार्यालयमा आइतबार आयोजित छलफल तथा वृक्षरोपण कार्यक्रममा मन्त्री चौधरीले यस्तो बताउनुभएको हो ।

उहाँले प्रत्येक प्रदेशमा एक एक वटा प्राणी उद्यान स्थापना गर्ने सरकारी योजना अन्तर्गत मधेश प्रदेशमा पनि प्राणी उद्यान निर्माण गरिने जानकारी दिनुभयो ।

उहाँले वन, वातावरण, कृषि, जल, जंगल र जमिनको संरक्षणलाई सरकारले उच्च प्राथमिकतामा राखेको उल्लेख गर्दै प्राकृतिक स्रोतको संरक्षणविनाको विकास दिगो हुन नसक्ने बताउनुभयो ।

वन र वातावरणको विनाशले मानव अस्तित्वमै चुनौती सिर्जना गर्ने भएकाले संरक्षण अभियानमा सबै पक्षको सहभागिता आवश्यक रहेको मन्त्री चौधरीको भनाइ थियो ।

मन्त्री चौधरीले सडक तथा भौतिक पूर्वाधारको विकाससँगै कृषि, वन, जलस्रोत र वातावरण संरक्षणलाई समान महत्व दिनुपर्नेमा जोड दिँदै देशको समग्र विकासका लागि सबै क्षेत्रबिच सन्तुलन कायम गर्नुपर्ने धारणा राख्नुभयो ।

माटो सुधार कार्यक्रमलाई प्रभावकारी रुपमा अघि बढाउँदै प्राकृतिक स्रोतको संरक्षणमा सरकार प्रतिबद्ध रहेको उहाँले स्पष्ट पार्नुभयो । उहाँले संघ, प्रदेश र स्थानीय तहबिच प्रभावकारी समन्वय र सहकार्यबाट मात्र कृषि वन तथा वातावरण संरक्षणका लक्ष्य हाँसिल गर्न सकिने उल्लेख गर्नुभयो ।

कार्यक्रममा मधेश प्रदेशका वन तथा वातावरणमन्त्री शंकरप्रसाद चौधरी, धनुषा क्षेत्र नं. २ का प्रतिनिधिसभा सदस्य रामविनोद यादव, धनुषा क्षेत्र नं. ४ का



प्रतिनिधिसभा सदस्य राजकिशोर महतो, रास्वपाका नेता किशोरी साह कमल, डिभिजन वन धनुषाका प्रमुख विनोद सिंह, पर्यावरण अभियन्ता सुरेश शर्मासहितका व्यक्तिहरुको सहभागिता रहेको थियो ।

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको
महोत्तरीको एकमात्र अस्पताल

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्केन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,